म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१६ अङ्कः- ११७ २०८१ चैत ५ गते मंगलबार 18 March 2025, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

**उपभोक्ता हकको रक्षा गरौं ।**

- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुन्छ,
- गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगे कानुन बमोजिम क्षतिपूर्ति पाउने व्यवस्था छ ।

त्यसैले

- उपभोक्ता हकको बारेमा सचेत बनौं,
- उपभोक्ता हकहित रक्षाको लागि एकजुट हाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## मुख्यमन्त्री लामाद्वारा मन्त्रीहरुको कार्यसम्पादन मूल्यांकन पेश गर्न निर्देशन



समाज संवाददाता

हेटौँडा : बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले मन्त्रीहरुसँग कार्य प्रगतिको समीक्षा गर्नुभएको छ । मुख्यमन्त्री लामाले सोमबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा चालु आर्थिक वर्षको कार्य प्रगतिको समीक्षा गर्नुभएको हो ।

प्रदेश सरकारको चालू आर्थिक बर्ष २०८१/०८२ को विनियोजित बजेट तथा कार्यक्रमहरु कार्यान्वयनको अवस्था बारेमा मुख्यमन्त्री लामाले विभागीय मन्त्रीहरुसँग समीक्षा गर्नुभएको हो । उहाँले प्रगति समीक्षासँगै कार्य संचालनको सन्दर्भमा रहेको समस्याहरुको बारेमा समेत छलफल गर्नुभएको थियो । छलफलमा मुख्यमन्त्री लामाले मन्त्रीहरुसँग कार्यसम्पादन सम्झौता अनुसारको प्रतिवेदन पेश गर्न निर्देशन दिनुभएको हो । मुख्यमन्त्री लामाले हरेक महिना मन्त्रालयमा सचिवहरुसँग कार्यसम्पादन मूल्यांकन तयार गर्न र तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पेश गर्न निर्देशन दिनुभएको हो । उहाँले प्रदेश सरकारको पूँजीगत खर्च बढाउन र आर्थिक मितव्ययिता कायम गर्न मन्त्रीहरुलाई निर्देशन दिनुभएको छ ।

साताको ४ दिन अनिवार्य रुपमा मन्त्रालयमा बस्न उहाँले मन्त्रीहरुलाई निर्देशन दिनुभयो । मुख्यमन्त्री लामाले प्रशासनिक खर्च कटौती गर्न र पदीय मर्यादा कायम गर्न मन्त्रीहरुलाई निर्देशन दिनुभयो । प्रदेश सरकार र संघीय संरचनालाई बलियो बनाउने गरी आलोचनारहित कार्यसम्पादनमा जोड दिनुपर्ने मुख्यमन्त्री लामाको भनाइ थियो । छलफलमा सहभागी मन्त्रीहरुले कर्मचारी व्यवस्थापन र समय सान्दर्भिक निर्णयको भूमिकामा सहयोग गर्न मुख्यमन्त्रीलाई आग्रह गरेका थिए । उनीहरुले कर्मचारीहरु पहुँचमा आउने र जाने गर्दा काम गर्न समस्या भएको गुनासो गरेका थिए ।

छलफल माघ मसान्तसम्म प्रदेशको चालु तर्फ खर्च २९.७६ प्रतिशत र पुँजीगत खर्च १४.३० प्रतिशत गरी कुल २०.१८ मात्रै खर्चको समीक्षा गरिएको थियो भने खर्च नहुने बजेट समर्पण नहुनु, प्रदेशको राजश्व संकलन गत वर्षको तुलनामा २ करोड ७१ लाख रुपैयाँ कम रहेको विषयमा केन्द्रीत रहेको थियो । राजश्व संकलनको समस्या, चुनौति र व्यवस्थापन, कार्यसम्पादन सम्झौताउपर पछिल्लो ८ महिनाको प्रगति विवरण, मन्त्रीहरुले मुख्यमन्त्री कार्यालयको पूर्वस्वीकृति लिने, हप्तामा ४ दिन र सचिव ५ दिन अनिवार्य हेटौँडा बस्ने, मन्त्री तथा कर्मचारीको आचरण, सचिवालयको नियन्त्रण, भ्रष्ट्राचार, अनियमितता रोक्ने विषयमा छलफल भएको थियो ।

## स्ववियु निर्वाचनअन्तर्गत आज मतदान हुँदै

समाज संवाददाता

हेटौंडा : आज मंगलबार देशभर त्रिभुवन विश्वविद्यालयको आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को निर्वाचन कार्यक्रमअन्तर्गत मतदान हुँदैछ । बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म मतदान हुनेछ । मकवानपुरको हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा-४ स्थित हेटौंडा क्याम्पस, हेटौंडा-१० स्थित वनविज्ञान अध्ययन संस्थान, हेटौंडा-१९, बस्तीपुरस्थित निर्मल बहुमुखी क्याम्पस थाहा नगरपालिकामा रहेको पालुङ बहुमुखी क्याम्पसमा स्ववियुको निर्वाचन हुँदैछ ।

स्ववियु निर्वाचनका लागि मकवानपुर बहुमुखी क्याम्पसमा अध्यक्ष पदका लागि २ जना मैदानमा उत्रिएका छन् । प्रमुख २ संगठन अनेरास्ववियु र अखिल क्रान्तिकारीका उम्मेद्वार निर्वाचनको मैदानमा होमिएका छन् । अनेरास्ववियुबाट प्रसिद्ध रेग्मी, अखिल क्रान्तिकारीबाट छोइसाङ लामाले प्यानल बनाएर निर्वाचनको मैदानमा होमिएका छन् । स्वतन्त्र उम्मेद्वार पुष्कर घिमिरेले सोमबार आफ्नो समर्थन प्रसिद्ध रेग्मीलाई रहेको र आफू उम्मेदवार नभएको घोषणा गर्नुभएको छ । छोइसाङ वर्तमान स्ववियु अध्यक्षसमेत हुनुहुन्छ । क्याम्पसमा २ हजार ६ सय ९८ जना मतदाता रहेको मकवानपुर बहुमुखी क्याम्पस स्ववियु निर्वाचन अधिकृत सन्देश बिडारीले जानकारी दिनुभयो ।

यसैगरी, हेटौंडा क्याम्पसमा स्ववियु अध्यक्ष पदका लागि अभि मैनाली र दीपक वाईबा निर्वाचनको मैदानमा रहेका छन् । अनेरास्ववियुबाट मैनाली र अखिल क्रान्तिकारीबाट वाईबा प्यानल बनाएर निर्वाचनमा होमिएका हुन् । क्याम्पसमा ६ सय ८५ जना मतदाता रहेको निर्वाचन अधिकृत मनोज पोखरेलले जानकारी दिनुभयो ।

थाहा नगरपालिकामा रहेको पालुङ बहुमुखी क्याम्पसमा अनेरास्ववियुबाट रोशनी गोपाली र अखिल क्रान्तिकारीबाट रुमिना खत्री अध्यक्ष पदका लागि मैदानमा उत्रेकी छिन् । क्याम्पसमा ७२ जना मतदाता रहेको अखिल क्रान्तिकारी मकवानपुरका सहसचिव सुवास थोकरले जानकारी दिनुभयो । यस्तै, वनविज्ञान अध्ययन संस्थानको हेटौंडा क्याम्पसमा नेविसंघ र अनेरास्ववियुबाट श्यामराज भट्ट तथा अखिल क्रान्तिकारीबाट छात्र शाही अध्यक्ष पदका लागि मैदानमा होमिएका छन् । क्याम्पसमा ४ सय ३८ मतदाता रहेको स्ववियुका कार्यवाहक अध्यक्ष अमृत देवकोटाले जानकारी दिनुभयो ।

हेटौंडा-१९ स्थित निर्मल बहुमुखी क्याम्पसमा अनेरास्ववियुबाट प्रशान्त भण्डारी र अखिल समाजवादीबाट नवीना घलान अध्यक्ष पदको उम्मेदवार हुनुहुन्छ । निर्मल बहुमुखी क्याम्पसमा ८७ जना मतदाता छन् । मनहरी र वंशगोपाल बहुमुखी क्याम्पसमा यसअघि नै स्ववियुको नयाँ कार्यसमिति सर्वसम्मत चयन भइसकेका छन् भने हेटौंडा-१३ स्थित पदमपोखरी बहुमुखी क्याम्पसमा विद्यार्थीको स्ववियु निर्वाचन नहुने भएको छ ।

## लागूऔषधसहित ४ जना पक्राउ




*लागूऔषधसहित पक्राउ परेकाहरु ।*

समाज संवाददाता

हेटौँडा : मकवानपुर प्रहरीले लागूऔषधसहित ४ जनालाई पक्राउ गरेको छ । आइतबार हेटौँडा-१५, रातोमाटेबाट लागूऔषध खैरो हेरोईनसहित २ जना र हेटौँडा-१९, नेवारपानीबाट लागूऔषध गाँजासहित २ जनालाई पक्राउ गरेको हो ।

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौँडा-१५, रातोमाटे चेकपोष्टबाट मकवानपुर प्रहरीले लागूऔषध खैरो हेरोईनसहित चितवन जिल्लाको भरतपुर महानगरपालिका-१६ का ४० वर्षीय कुमबहादुर आले र भरतपुर महानगरपालिका-४ का ३२ वर्षीय दीपक परियारलाई पक्राउ गरेको छ । आइतबार साँझ ५ बजेर ५० मिनेटको समयमा प्रहरी टोलीले बीरगंजबाट हेटौंडा बजारतर्फ आउँदै गरेको बा प्र ०६-००१ ज ००७१ नम्बरको गाडीलाई सुरक्षाजाँच गर्दा गाडीमा सवार कुमबहादुर र दीपकको साथबाट लागूऔषध खैरो हेरोईन बरामद गरेको थियो । प्रहरीले उनीहरुको साथबाट ५७ ग्राम ३२० मिलिग्राम लागूऔषध खैरो हेरोईन बरामद गरेको जनाएको छ ।

यस्तै मकवानपुर प्रहरीले हेटौँडा-१९, नेवारपानीबाट लागूऔषध गाँजासहित २ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुरको मनहरी गाउँपालिका-५, डिल्लीपुरका ३० वर्षीय अनिल तामाङ र २४ वर्षीय अशोक बल रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । आइतबार बेलुका ७ बजेर ३० मिनेटको समयमा चितवनबाट हेटौँडा आउँदै गरेको ना ७ ख ४५७३ नम्बरको बसलाई सुरक्षाजाँच गर्दा बसमा सवार उनिहरुको साथबाट लागूऔषध गाँजा बरामद गरेको थियो । प्रहरीले अनिल र अशोकको साथबाट १० किलो ७ सय ग्राम लागूऔषध गाँजा बरामद गरेको थियो । लागूऔषध गाँजासहित अनिल र अशोक नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको छ ।

## मन्त्री निवासमा छुट्टै विद्युत जडान

समाज संवाददाता

हेटौंडा : हेटौंडा सिमेन्ट उद्योगको आवासीय क्षेत्रमा रहेको बागमती प्रदेश सरकारका मन्त्रीहरुको निवासमा छुट्टै विद्युत लाइन जडान गरिएको छ । सोमबार प्रदेश सरकारको मागअनुसार छुट्टै लाइन जडान गरिएको हो ।

नेपाल विद्युत प्राधिकरणले औद्योगिक क्षेत्र तथा उद्योगहरुमा दैनिक ८ घण्टाको लोडसेडिङ कायमै राखेपछि मन्त्री निवासका लागि प्रदेश सरकारले छुट्टै लाइन जडान गरेको हो ।

प्रदेश सरकारले उद्योग नियमित सञ्चालन तथा व्यवस्थापनमा सहयोग नगरी उद्योगको आवासीय क्षेत्रको सुविधा उपभोग गरी आफ्ना लागि मात्रै विद्युत जडान गरेको भन्दै उद्योगका कर्मचारी र स्थानीय आक्रोशित बनेका छन् । बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्री, वन तथा वातावरण मन्त्री, संस्कृति तथा पर्यटन मन्त्री, सामाजिक विकास मन्त्री, स्वास्थ्य मन्त्री, कृषि तथा पशुपंक्षी विकास मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रीको निवास हेटौंडा सिमेन्ट उद्योगको आवास क्षेत्रमा रहेको छ ।

### वनस्खण्डीमा सामूहिक बलात्कार घटना

## थप एक अभियुक्त पक्राउ

समाज संवाददाता

हेटौंडा : हेटौंडामा एक किशोरीमाथि सामूहिक बलात्कारको घटनामा संलग्न भएको अभियोगमा अर्का एक किशोरलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरीले आइतबार हेटौंडा-१७ का १७ वर्षीय किशोरलाई पक्राउ गरेको छ । यसअघि प्रहरीले ७ जना किशोरलाई पक्राउ गरेको थियो ।

फागुन पहिलो साता हेटौंडा-२ स्थित वनस्खण्डी सामुदायिक वन क्षेत्रमा १७ वर्षीया किशोरीमाथि किशोरहरुको एक समूहले सामूहिक बलात्कारको घटना भएको थियो । किशोरहरुले सामूहिक बलात्कार गरेको भिडियो समेत बनाएर सामाजिक सञ्जालमा सार्वजनिक गरेपछि घटना सार्वजनिक भएको र प्रहरीको सक्रियता र पीडित किशोरीको समेत जाहेरीमा प्रहरीले अनुसन्धान थालनी गरेर यसअघि ७ जना किशोरलाई पक्राउ गरिसकेको छ ।

प्रहरीले सामूहिक बलात्कारको घटनामा अझै केही संलग्न भएको हुन सक्ने आशंकामा अनुसन्धान गरिरहेको जनाएको छ । बलात्कारको घटनामा संलग्न किशोरहरु कक्षा ११ मा अध्ययनरत विद्यार्थी भएको र विद्यालय समयमै उनीहरुले वनस्खण्डी जंगलमा किशोरीलाई सामूहिक बलात्कार गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको प्रहरीले जनाएको छ । किशोरीलाई नशालु पदार्थ सेवन गराएर सामूहिक बलात्कारको घटना भएको दावी गर्दै अधिकारवादी संस्थाले प्रहरी र प्रशासनलाई घटनाबारे संवेदनशील र गम्भीरताका साथ अनुसन्धान गरी कारवाही गर्न दवाव समेत दिँदै आएको छ ।

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

**50% DISCOUNT OFFER**

**AFTER SEE**

देशको कमजोर आर्थिक अवस्थालाई मध्यनजर गर्दै

Bridge Course

Course Fee= ~~25,000/-~~ → 12,500/-

- Science Bridge Course
- Nursing
- HA, Radiology
- Civil, Lab, Pharmacy
- JTA, Veterinary

Book/Uniform FREE

For Basic Computer Course Fee ~~6,000/-~~ → 3,000/-

NAME INSTITUTE CONSULTANCY
2nd Floor, RB Complex School Road, Hetauda-4
057-524117, 9855024117, 9801424117

## सम्पादकीय

# विद्यार्थीमैत्री नेतृत्व चयन

त्रिभुवन विश्वविद्यालयको आंगीक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुमा आज चैत ५ गते स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)को निर्वाचन हुँदैछ । दुई-दुई वर्षमा हुने स्ववियु निर्वाचनको आफ्नै महत्व छ । स्ववियु निर्वाचनले विद्यार्थीमा नेतृत्व क्षमताको विकास गर्न मद्दत गर्दछ । विद्यार्थीलाई राजनीतिप्रति आकर्षित गर्ने माध्यम पनि स्ववियु हो । स्ववियुले क्याम्पसको शैक्षिक गुणस्तर सुधारसँगै विद्यार्थीको हकहित संरक्षणका लागि पनि महत्वपूर्ण भूमिका निर्वाह गर्ने गरेको छ । स्ववियुले विद्यार्थीको सिर्जनात्मक क्षमताको विकासमा सहयोग पुर्‍याउँदै आएको छ । देशका विभिन्न ठाउँका केही क्याम्पसहरुमा विभिन्न विवादका कारण आज स्ववियु निर्वाचन नहुने भए पनि मकवानपुर जिल्लाका क्याम्पसहरुमा स्ववियु निर्वाचन हुनेछ । मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा क्याम्पस, वनविज्ञान अध्ययन संस्थानको हेटौंडा क्याम्पस, निर्मल बहुमुखी क्याम्पस, पालुङ बहुमुखी क्याम्पसलगायतमा स्ववियु निर्वाचन हुँदैछ । वंशगोपाल बहुमुखी क्याम्पसमा भने स्ववियुका पदाधिकारी निर्विरोध चयन भएका छन् ।

पञ्चायती शासन व्यवस्थाकै समयबाट स्ववियु निर्वाचन हुने गरेको छ । दलबिहीन पञ्चायती व्यवस्थामा हुने गरेको स्ववियु निर्वाचनले विद्यार्थी संगठनलाई राजनीतिक दलप्रति आकर्षित गर्न सहयोग गरेको थियो । राजनीतिक दलहरुले पनि आफ्ना अभियान विद्यार्थी संगठनबाट जनतामाझ लैजान सहज बनेको थियो । यसकारण त्यसै समयदेखि राजनीतिक दलको भातृ संगठनको रुपमा विद्यार्थी संगठनको विकास भएको पाइन्छ । अहिले विद्यार्थीलाई राजनीतिक दललाई आफ्ना गतिविधि सञ्चालन गर्न विद्यार्थी संगठनको आवश्यकता नभए पनि दलहरुले विद्यार्थी संगठनलाई राजनीतिको गतिलो हतियार बनाइरहेका छन् । यसकारण स्ववियु निर्वाचनमा सहभागी विद्यार्थी संगठनहरु सबैजसो कुनै न कुनै राजनीतिक दलको भातृ संगठनको रुपमा परिचित छन् । निर्वाचनको परिणामलाई आफ्नो पक्षमा पार्न विद्यार्थी संगठनहरु एकल तथा संयुक्त प्यानल बनाएर चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् ।

विद्यार्थी संगठनहरु सधैं परिवर्तनको पक्षधर रहने गरेका छन् । निर्वाचन प्रक्रियाबाट गठन हुने स्ववियुलाई क्याम्पसको अभिन्न अंगको रुपमा स्वीकार गरिएको छ । क्याम्पसको शैक्षिक, भौतिक, आर्थिक उन्नयनका लागि स्ववियुले क्याम्पसमा हुने गतिविधिको अवलोकन गर्ने गर्दछ । क्याम्पस व्यवस्थापन, प्रशासन तथा प्राध्यापकहरुको सकारात्मक योजना र कार्यमा सहयोग गर्नु र गलत क्रियाकलाप र निर्णयको विरोध गर्नु स्ववियुको प्रमुख भूमिका हुन्छ । यसका लागि स्ववियुमा स्वतन्त्र र निष्पक्ष नेतृत्वको आवश्यकता हुन्छ । दलीय राजनीतिभन्दा माथि रहेर स्ववियुले समग्र क्याम्पसको विकास र विद्यार्थीको हकहितमा खबरदारी गर्नुपर्छ । यसका लागि सक्षम र योग्य उम्मेदवारलाई विद्यार्थीहरुले मतदान गरेर जिताउनु पर्छ । स्ववियु निर्वाचनमा क्याम्पसका सबै विद्यार्थी सहभागी भएर आगामी दुई वर्षका लागि स्ववियुको रुपमा विद्यार्थी नेतृत्व चयन गर्ने अवसरको सदुपयोग गर्नु पर्छ ।

उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरुले नेतृत्व चयनमा धेरै पक्षमा विचार पुर्‍याउनु आवश्यक हुन्छ । विद्यार्थी र क्याम्पसको हितप्रति समर्पित हुनसक्ने विद्यार्थीमैत्री नेतृत्व चयनका लागि मतदान गर्न सक्नुपर्छ । निर्वाचन भनेको लोकतान्त्रिक विधिबाट प्रतिनिधि चयन गर्ने प्रणाली हो भन्ने कुरा निर्वाचनमा सहभागी विद्यार्थी संगठन र तिनका नेतृत्वले बुझ्नुपर्छ । निर्वाचनमा होमिएपछि कि जितिन्छ, कि हारिन्छ । जसरी पनि चुनाव जित्नैपर्छ भन्ने मान्यता राख्नु उचित होइन । निर्वाचनको समयमा हुने वैचारिक वा सांगठनिक प्रतिस्पर्धालाई स्वभाविक हो । निर्वाचनबाट आउने परिणाम सबैले स्वीकार गर्नुपर्छ । स्ववियुमा निर्वाचित हुनेले पनि आगामी दिनमा दलीय स्वार्थलाई भन्दा विद्यार्थी हकहित र क्याम्पसको शैक्षिक, भौतिक विकासमा बढी चासो दिनुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आर्थिक अवस्थामा सुधार हुने समय छ ।
**वृष** : उन्नतिको पथमा अगाडि बढिने समय योग छ ।
**मिथुन** : धन खर्च बढ्ने समय योग रहेको छ ।
**कर्कट** : स्वास्थ्य समस्यामा सुधार आउने समय छ ।
**सिंह** : प्रतिष्ठा र कार्यक्षमतामा समय व्यतित होला ।
**कन्या** : प्रकृतिमा आनन्द मनाइने समय योग छ ।
**तुला** : राम रमाइलोमा समय व्यतित हुने समय छ ।
**वृश्चिक** : दाम्पत्य सुखमा रमाइने समय योग छ ।
**धनु** : हाँके/ताकेका काममा समय व्यतित हुने छ ।
**मकर** : बोली प्रभावपूर्ण बन्ने समय योग छ ।
**कुम्भ** : भेटघाटमा जुट्ने अवसर मिल्ने समय छ ।
**मीन** : धार्मिक कामबाट आत्मा शान्ति प्राप्त हुने योग छ ।

# आप्रवासी नेपालीको अन्तिम आश्रयस्थल कहाँ ?

**मेरो मथिङ्गलमा एउटा प्रश्न अनायासै घुमिरहेको छ- कथंकदाचित अमेरिका छोडेर भाग्नुपर्ने स्थिति आयो भने कहाँ जाने होला ? आपत्कालीन अवस्था अचानक उत्पन्न हुनसक्छ, जसले जीवनलाई अनिश्चिततातर्फ धकेल्न सक्छ । यस्तो परिस्थितिमा मातृभूमिसँगको सम्बन्ध कमजोर बनाउनु, पुर्ख्यौली जरा उखेल्नुहुँदैन ।**



✍ डा. चन्द गिरी

विगत ३३ वर्षदेखि विदेशमा र पछिल्ला २५ वर्षदेखि अमेरिकामा बसोबास गर्दै आएको म एक नेपाली । मेरो मथिङ्गलमा एउटा प्रश्न अनायासै घुमिरहेको छरु- कथंकदाचित अमेरिका छोडेर भाग्नुपर्ने स्थिति आयो भने कहाँ जाने होला ?

यो प्रश्न उब्जिनु पछाडिको कारण, हालसालै अमेरिकामा आएको नयाँ प्रशासन र उसको 'आप्रवासी विरोधी' नीति हो । यहाँबाट भागाभाग नै गर्नुपर्ने परिस्थिति आउने सम्भावना ज्यादै न्यून भए पनि आउँदै आउँदैन भन्न सकिँदैन ।

यो प्रश्न झट्ट हेर्दा जटिल लागे पनि, उत्तर भने आश्चर्यजनक रूपमा सरल रहेछ । उत्तर सरल भए पनि त्यसलाई प्रभावकारी रूपमा बुझ्न र लागू गर्नका लागि केही हदसम्म पूर्वतयारी आवश्यक पर्ने रहेछ ।

विदेशी भूमिमा बस्ने नेपालीको जीवन मुख्यतः त्यहाँको राजनीतिक, आर्थिक र सामाजिक अवस्थासँग गहिरो रूपमा जोडिएको हुन्छ । जबसम्म यी परिस्थिति अनुकूल रहन्छन्, तबसम्म उनीहरूले स्थिर र सहज जीवनयापन गर्न सक्छन् ।

आर्थिक रूपमा सबल हुँदै गएपछि उनीहरू आफ्नो क्षमता पूर्ण रूपमा अभिव्यक्त गर्न पाउँछन्, विभिन्न पेशागत अवसर हासिल गर्छन् र आफ्नो जीवनस्तर उकास्न सक्षम हुन्छन् । सुरक्षित वातावरणले आत्मविश्वास बढाउँछ, सम्मानजनक स्थान दिलाउँछ र समाजमा सहज रूपमा घुलमिल हुने अवसर प्रदान गर्दछ । यसरी अनुकूल अवस्था रहुञ्जेल नेपाली आप्रवासीहरुले आफू बसेको देशलाई 'दोस्रो घर' का रुपमा स्वीकार गर्दछन् ।

अवस्था सधैं उस्तै रहन्छ भन्ने हुँदैन । जब राजनीतिक अस्थिरता बढ्छ, आर्थिक मन्दीले रोजगारी र आयस्रोत खुम्च्याउँछ वा सामाजिक अशान्तिले आप्रवासीहरूलाई असुरक्षित महसुस गराउँछ, तब विदेशी भूमिमा बसेका नेपालीहरू मैले जस्तै आफैंलाई एक गम्भीर प्रश्न सोध्न बाध्य हुन्छन्- अब कहाँ जाने ? आफ्नो मिहिनेतले जरो गाडेको ठाउँ एकाएक अस्थिर बन्दै गएपछि भविष्यप्रति अनिश्चितता बढ्दै जान्छ र सुरक्षित स्थान खोज्ने आवश्यकता टड्कारो बन्छ ।

इतिहासले देखाएको छ- संकटकालीन परिस्थितिमा विश्वभर छरिएर बसेका नेपालीहरू अन्ततः आफ्नो जन्मभूमि नेपालै फर्किन्छन् । आफ्नै माटो, भाषा, संस्कृति र पहिचानको परिधिभित्र न्यानो सुरक्षा महसुस गर्दछन् ।

### ऐतिहासिक उदाहरण

सन् १९६२ मा जनरल ने विनको नेतृत्वमा भएको म्यानमारको सैनिक 'कु'ले त्यहाँ बसेका नेपालीभाषी समुदायमा गहिरो असर पार्‍यो। मिलिटरी शासकले नेपाली लगायत सबै विदेशीको धनसम्पत्ति, व्यापार-व्यवसाय राष्ट्रियकरण गरिदिए । पुस्तौंदेखि बसेका नेपालीलाई 'विदेशी' को दर्जामा राखिदिए र समुदाय-समुदायबीच तनाव उत्पन्न गराइदिए । कुनै समय व्यापार, कृषि र सैन्य सेवामा महत्वपूर्ण भूमिका खेलेको समृद्ध नेपाली समुदाय देश छोड्न बाध्य हुनुपर्‍यो ।

त्यो बेला ज्यादै छोटो अवधिमा करिब दुई लाख नेपालीभाषी विस्थापित भए । तीमध्ये धेरै जना आफ्नो पुर्ख्यौली जन्मथलो नेपाल फर्किए । यो घटनाले संकटको समयमा नेपाल नै नेपालीहरूको अन्तिम भरोसा हुने सत्यलाई उजागर गर्‍यो ।

त्यस्तै सन् १९८० को दशकको अन्ततिर र १९९० दशकको सुरूवाती वर्षहरूमा भुटान सरकारले नेपाली मूलका ल्होत्साम्पा समुदायलाई भाषा र पोशाकको बहानामा अवैध आप्रवासी घोषणा गरी नागरिकता खोस्यो र देश छोड्न बाध्य पार्‍यो । त्यो अवधिमा करिब एक लाख ल्होत्साम्पा शरणार्थीहरूले रातारात भुटान छोड्न बाध्य हुनुपर्‍यो । उनीहरू भारतको वेष्ट बंगालमा नबसी झापा र मोरङका शिविरहरूमा बस्न बाध्य भए । वर्षौंपछि धेरैलाई तेस्रो देशमा पुनर्स्थापना गरिए पनि केहीले नेपाललाई नै आफ्नो स्थायी आश्रयस्थल बनाए । यसले नेपालको भूमिका नेपाली शरणार्थीहरूलाई आश्रय दिने मात्र नभई तिनीहरूको पहिचान र अस्तित्वलाई बचाउने स्थानको रूपमा पनि स्थापित गर्‍यो ।

### सिंगापुर, बेलायत र लिबियाका नेपाली

सिंगापुरमा नेपालीहरू प्रायः गोर्खा सैनिकको रूपमा परिचित छन् । उनीहरूलाई सिंगापुर प्रहरी बलको गोर्खा दलमा विशेष स्थान दिइएको छ । तर, सेवा अवधि समाप्त भएपछि तिनीहरूलाई सिंगापुरमा बसोबास गर्न अनुमति दिइँदैन र उनीहरू नेपाल फर्कन बाध्य हुन्छन् ।

बेलायती सेनामा गोर्खा सैनिकको रूपमा सेवा गर्ने नेपालीहरूको इतिहास लामो छ । सेवा अवधि समाप्त भएपछि धेरैले नेपाल फर्केर आफ्नो जीवनयापन गरेका छन् । केहीले बेलायतमा बसोबासको अनुमति पाए पनि धेरैले नेपाललाई नै आफ्नो स्थायी घर बनाएका छन् ।

सन् २०११ को लिबियाली गृहयुद्धका बेला त्यहाँ काम गर्न गएका करिब तीन हजार नेपाली कामदार संकटमा परे । धेरैले लिबिया छोड्न बाध्य भए र नेपाल सरकारले तिनीहरूको उद्धारका लागि पहल गर्‍यो ।

यी तीन उदाहरणले नेपाल केवल नेपाली शरणार्थीहरूको लागि मात्र नभई विदेशमा काम गरेर फर्कनेहरूको लागि पनि महत्वपूर्ण आश्रयस्थल रहेको देखाउँछ ।

### अमेरिकामा आप्रवासन नीतिहरू

ट्रम्प प्रशासनको दोस्रो कार्यकालमा अमेरिकामा आप्रवासन सम्बन्धी नीतिहरू कडा भएका कारण नेपाली आप्रवासीमा पनि प्रभाव पर्‍यो वा पर्न थालेको छ । आफ्नो कार्यकाल सुरू गरेको पहिलो दिन नै अवैध आप्रवासीहरूलाई लक्षित गर्दै ट्रम्पले कार्यकारी आदेश जारी गरे, जसले गर्दा केही नेपाली नागरिकहरू अमेरिका छोड्न बाध्य भए वा भइरहेका छन् । डिपोर्ट वा देशनिकाला गरिएका नेपालीहरू अमेरिकामा अवैध रूपमा आएका, बसिरहेका वा कुनै न कुनै अपराधमा संलग्न थिए भनिएको छ ।

वैध रूपमा अमेरिका आएर ग्रीनकार्ड वा नागरिकता प्राप्त गरेर बसेका आप्रवासीहरू समेत डिपोर्ट हुन सक्छन् भन्ने चर्चा तीव्र रूपमा हुन थालेको छ । यसको मूल कारण हेरिटेज फाउन्डेशनद्वारा प्रस्तावित 'प्रोजेक्ट २०२५' मा उल्लिखित आप्रवासन सम्बन्धी कठोर परिवर्तनहरू हुन् ।

प्रोजेक्ट २०२५ ले 'डिन्याचर लाइजेसन' अर्थात् पहिले प्रदान गरिएको अमेरिकी नागरिकता खारेज गर्ने प्रक्रियासम्मको प्रस्ताव राखेको छ, जसले दीर्घकालीन रूपमा अमेरिका बसेका लाखौं आप्रवासीको सुरक्षामा गम्भीर प्रश्न उठाएको छ ।

सबैभन्दा चिन्ताजनक पक्ष के हो भने, प्रोजेक्ट २०२५ का मुख्य योजनाकारहरूले नै ट्रम्प प्रशासनमा महत्वपूर्ण भूमिका खेलिरहेका छन् । यदि उनीहरूको यो नीति कार्यान्वयन भयो भने अमेरिकी नागरिकता वा ग्रीनकार्ड प्राप्त गरेका आप्रवासीहरू समेत फेरि कानूनी अन्योल र असुरक्षाको अवस्थामा पर्न सक्ने सम्भावना बढेको छ ।

परम्परागत रूपमा 'डिन्याचर लाइजेसन' प्रक्रिया विरलै प्रयोगमा आएको थियो । मूलतः ढाँटेर वा धोकाधडी गरेर नागरिकता लिएको भए खारेज हुन सक्थ्यो । डोनाल्ड ट्रम्पको अघिल्लो प्रशासनको समयमा (२०१६-२०२०) यस्ता मामिलाहरूको पहिचान र अभियोजनमा प्रयासहरू तीव्र भएका थिए । सन् २०१८ मा अमेरिकी नागरिकता र आप्रवासन सेवा (यूएससीआईएस) ले लगभग १,६०० मामिलाहरूलाई सम्भावित नागरिकता खारेजीको लागि सिफारिस गर्ने योजना घोषणा गरेको थियो। खोतल्यो भने धेरै जनाको कमी-कमजोरी नभेटिएलान् भन्न सकिन्न ।

ट्रम्प प्रशासनले सन् १९५२ मा पारित अध्यागमन र राष्ट्रियता ऐन समेत प्रयोग गर्ने आशंका गरिएको छ । यो ऐनअन्तर्गत ग्रीनकार्ड लिएका वा अमेरिकी नागरिक बनेका व्यक्तिहरूलाई विशेष परिस्थितिमा डिपोर्ट गर्न सकिने प्रावधान छ । यद्यपि यस्तो प्रक्रिया अत्यन्तै दुर्लभ र जटिल हुन्छ भन्छन् कानूनविद्हरु ।

प्रोजेक्ट २०२५ का एक प्रमुख योजनाकार स्टेफन मिलरले ट्रम्प प्रशासनमा नागरिकता खारेजी प्रयासहरूलाई 'टर्बोचार्ज' गर्ने कुरा सार्वजनिक रूपमा बताएका छन् । यसले परम्परागत आधारहरू भन्दा बाहिर नागरिकता खारेजीको मापदण्डहरू विस्तार गर्ने सम्भावना देखाउँछ । आलोचकहरूले यस्ता उपायहरुले नागरिक स्वतन्त्रताहरुको उल्लंघन र उचित प्रक्रियाको क्षयतर्फ लैजान सक्ने तर्क गरेका छन् । कानून विज्ञहरुले नागरिकता खारेजी मापदण्डहरुको व्यापकताले विशेष समुदायहरुलाई असमान रुपमा लक्षित गर्न सक्ने र प्राकृतिक नागरिकहरुमा डरको वातावरण सिर्जना गर्न सक्ने चिन्ता व्यक्त गर्छन् ।

डिन्याचरलाइजेसन र डिपोर्टेसन भन्दा पनि अझै डरलाग्दो कुरा भनेको सुरक्षाको ग्यारेन्टी नहुनु हो । यदि आप्रवासीहरु विरुद्ध संगठित आन्दोलन सुरु भयो भने एउटा झोला बोकेर रातारात भाग्नुपर्ने स्थिति नआउला भन्न सकिन्न ।

यस्तो भयावह अवस्था नेपालीहरुले बर्मा र भुटानमा भोगिसकेको कुरा माथि नै उल्लेख गरिसकियो । कानूनी रुपमा बसेका आप्रवासीहरूका लागि नागरिकता वा स्थायी बसोबास गुमाउनु ठूलो समस्या हो । तर यदि समाज नै उनीहरु विरुद्ध खडा हुन्छ भने कानूनी अधिकारभन्दा पनि भौतिक सुरक्षा मुख्य चिन्ताको विषय बन्छ ।

### भारतीय डायस्पोराका अनुभव

भारतीय डायस्पोरा विश्वकै सबैभन्दा ठूलोमध्येको एक हो । यसले पनि यस्तै सामुदायिक चुनौती बारम्बार भोग्नुपरेको छ । सन् २०२१ मा दक्षिण अफ्रिकाका दुई प्रान्तमा हजारौं भारतीय व्यापार-व्यवसायमा तोडफोड र लुटपाट गरिएको थियो । अज्ञात संख्यामा भारतीयहरु मारिएको खबरहरू आएका थिए । त्यस्तै, २०२१ मा कंगोमा पनि भारतीय समुदायलाई लक्षित आक्रमण भएको थियो । २०१३ मा केन्याको नैरोबीस्थित वेस्टगेट मलमा भएको आतंकवादी आक्रमणले पनि भारतीय समुदायलाई असर पुर्‍याएको थियो । फिजीमा पनि भारतीय समुदायले भागाभाग गर्नुपरेका घटनाहरु हालसम्म ताजै छन् ।

माथि उल्लिखित उदाहरण त भए सम्पूर्ण आप्रवासी समुदायलाई असर पार्ने र समाचारमा आएका केही ठूला घटनाहरु । यस्ता धेरै घटना छन्, जुन समाचार बन्नै पाउँदैनन्, जसबारे बाहिरी संसारले केही थाहा पाउँदैन । परिवारस्तरका संघर्षहरू, सानो समुदायभित्र घट्ने घटनाहरू र व्यक्तिगत रूपमा भोगिएका अन्यायहरू प्रायः चर्चामै आउँदैनन् । धेरै आप्रवासीहरू कानूनी जटिलता, भाषा वा सामाजिक डरका कारण आफ्ना दुःख सार्वजनिक गर्न सक्दैनन् ।

### नेपालसँगको सम्बन्ध कायम राख्नु आवश्यक

विषम परिस्थिति कहिले आउने हो, कसरी आउने हो भविष्यवाणी गर्न सकिन्न । आपत्कालीन अवस्था अचानक उत्पन्न हुन सक्छ, जसले जीवनलाई अनिश्चिततातर्फ धकेल्न सक्छ । यस्तो परिस्थितिमा आफ्नो मातृभूमिसँगको सम्बन्ध कमजोर बनाउनुहुँदैन, बरू अझ बलियो बनाउन आवश्यक छ । पुर्ख्यौली जरा पनि उखेल्नुहुँदैन ।

पछिल्लो समय केही नेपालीले नेपालमा भएको अचल सम्पत्ति बेचेर विदेश लैजान थालेका छन् । जबसम्म परिस्थिति अनुकूल छ, त्यसरी ल्याएको सम्पत्तिले जीवन सहज बनाउन सक्छ । तर भाग्नु परे त्यो सबै छोडेर भाग्नुपर्छ । त्यसैगरी विदेशमा कमाएको सम्पूर्ण धन-सम्पत्ति त्यो देशमा मात्र लगानी गर्नु पनि जोखिमपूर्ण छ । आपत्कालीन अवस्थामा जीवनभर दुःख गरेर कमाएको धन-सम्पत्ति त्यागेर ज्यान जोगाउँदै भाग्नुपर्ने बाध्यता पनि सिर्जना हुन सक्छ ।

त्यस्तो विषम परिस्थितिमा आफ्ना सन्तान र दरसन्तानको भविष्य कस्तो हुन्छ भन्ने कुरा अनुमान गर्नु झनै कठिन छ । यद्यपि उनीहरूलाई नेपाली भाषा, संस्कृति र परम्परासँग जोडिराख्नु अत्यन्त जरूरी छ । उनीहरूको नेपालसँगको सम्बन्ध भावनात्मक मात्र नभई व्यावहारिक रूपमा पनि मजबूत रहिर होस् भनेर सचेत हुन जरूरी छ ।

### निष्कर्ष

विदेशमा बसेका नेपालीले विश्वभर आफ्नो योगदान दिइरहेका छन् । तिनीहरू र उनीहरूका सन्तान, दरसन्तानले आफ्नो मातृभूमिसँगको सम्बन्ध कायम राख्नु अत्यावश्यक छ । चाहे अचल सम्पत्तिको माध्यमबाट होस्, सांस्कृतिक जडानबाट होस् वा फर्कने बाटो खुला राखेर होस्- नेपाललाई तिनीहरूको पहिचानको केन्द्र बनाउनु जरूरी छ । यो अप्रत्याशित संसारमा, मातृभूमि नै संकटकालीन अवस्थामा आफ्ना सन्तानहरूलाई स्वागत गर्न तयार छ र रहिरहनेछ ।

*(गिरी संयुक्त राज्य अमेरिकाको नर्थ क्यारोलिनामा स्थायी रूपमा बसोबास गर्छन् । स्रोतः अनलाईनखबर)*

# जिल्लास्तरीय ब्याडमिन्टन प्रतियोगिताको तयारी पूरा

समाज संवाददाता

हेटौंडाः दोस्रो संस्करणको जिल्लास्तरीय ब्याडमिन्टन प्रतियोगिताको तयारी पूरा भएको छ। मकवानपुर जिल्ला ब्याडमिन्टन संघको आयोजनामा यही चैत ८, ९ र १० गते हेटौंडामा हुन लागेको दोस्रो संस्करणको खुला र भेट्रान्स ब्याडमिन्टन प्रतियोगिताको तयारी पूरा भएको हो।

सोमबार जिल्ला ब्याडमिन्टन संघका अध्यक्ष विष्णु घिमिरे (धूर्व) ले पत्रकार सम्मेलन आयोजना गर्दै हेटौंडा-११, थानाभऱ्याङस्थित ब्याडमिन्टन कभर्ड हलमा हुन लागेको प्रतियोगिताको तयारी पूरा भएको जानकारी दिनुभयो। उहाँले खुला र भेट्रान्सतर्फ करिब १ सयभन्दा बढी टिमहरुको सहभागिता रहने जानकारी दिनुभएको छ। हालसम्म ५० वटा टिमहरु दर्ता भइसकेको उहाँले बताउनुभयो। भेट्रान्सतर्फको प्रतियोगितामा ४५ वर्षभन्दा अधिक उमेर समूहका खेलाडीहरुले सहभागिता जनाउन पाउने उहाँले बताउनुभयो।

प्रतियोगिताको खेल तालिका चैत ७ गते सार्वजनिक गरिने उहाँले बताउनुभयो। जिल्ला ब्याडमिन्टन संघको स्थापना भएको करिब २ वर्षको अवधिमा दोस्रो पटक प्रतियोगिता आयोजना गर्न लागेको उहाँले बताउनुभयो। जिल्लामा ब्याडमिन्टन खेलको विकास गर्ने, लुकेका खेलाडीहरुको प्रतिभालाई जगाउने, ब्याडमिन्टनको नयाँ खेलाडी उत्पादन गर्ने, मकवानपुर जिल्लाको विभिन्न पालिकाका खेलाडीहरुबीच भातृत्व कायम गराउने र खेलाडीहरुको रुचि क्षमताको विकास गर्नका लागि प्रतियोगिताको आयोजना गर्न लागेको उहाँले बताउनुभयो।

खुलातर्फको प्रतियोगिताको उपाधि विजेता टिमले ३५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने भेट्रान्सतर्फको उपाधि विजेता टिमले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। खुलातर्फको उपविजेता टिमले २० हजार रुपैयाँ र भेट्रान्सको उपविजेता टिमले १० हजार रुपैयाँ प्राप्त गर्नेछन्। तृतीय हुने खुलाको टिमले २ हजार ५ सय रुपैयाँ तथा भेट्रान्सकोले १ हजार ५ सय रुपैयाँ नगद पुरस्कारसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। खुला र भेट्रान्सतर्फको सर्वोकृष्ट खेलाडीले १ हजार रुपैयाँ नगद पुरस्कार र ट्रफी प्राप्त गर्नेछन्। गत वर्षभन्दा यस वर्ष पुरस्कारको रकम बढाइएको छ।

# अधिकृत बिक्रेता संघद्वारा प्रजिअलाई स्वागत

समाज संवाददाता

हेटौंडाः मकवानपुर अधिकृत बिक्रेता व्यवसायी संघले जिल्ला प्रशासन कार्यालय मकवानपुरकी प्रमुख जिल्ला अधिकारी (प्रजिअ) स्किम श्रेष्ठलाई स्वागत गरेको छ। सोमबार संघका अध्यक्ष अमितकुमार श्रेष्ठसहितको टोलीले केही दिन पहिला मकवानपुरमा सरुवा भएर आउनु भएकी प्रजिअ श्रेष्ठको कार्यकक्षमा पुगेर स्वागत गरेको हो।

प्रजिअ श्रेष्ठलाई स्वागत गर्नुहुँदै अध्यक्ष श्रेष्ठले बजारमा आर्थिक मन्दीका कारण समस्या परेको बताउनुभएको छ। उहाँले बजारमा भइरहेको आर्थिक मन्दीलाई आत्मसात गर्दै बजारमा बिलविजक बिना नै समान निर्वाधरुपमा आइरहेको जिकिर गर्नुभयो। उक्त कार्यलाई नियन्त्रण गरेर आवश्यक कारबाही प्रक्रियालाई अगाडि बढाउन आवश्यक रहेको उहाँको भनाइ छ। प्रजिअ श्रेष्ठले संघले उठाएको विषय कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। स्वागत कार्यक्रममा संघको पूर्वअध्यक्ष, निवर्तमान अध्यक्ष, सल्लाहकार लगायत पदाधिकारीहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा प्रजिम श्रेष्ठलाई स्वागतपत्र प्रदान गरिएको थियो।

# गुरुकुलका विद्यार्थीसँग सहकारीको स्थापना दिवस

समाज संवाददाता

हेटौंडाः साना किसान कृषि सहकारी संस्था लिमिटेडले आफ्नो १५ औं स्थापना दिवस गुरुकुलका विद्यार्थीसँग मनाएको छ। हेटौंडा-१८, हर्नामाडी ठूलोदमारस्थित श्री वैदिक संस्कृत गुरुकुलमा अध्ययनरत् विद्यार्थीलाई सोमबार खाना खुवाएर सहकारीले स्थापना दिवस मनाएको हो।

आश्रममा १६ जना विद्यार्थी आश्रित रहेका छन्। कार्यक्रममा सहकारीकी अध्यक्ष रेखा खतिवडा, आश्रमका अध्यक्ष खेटराज दुलाल, आश्रमका प्राचार्य खगेन्द्र कोइराला, ज्योति माध्यमिक विद्यालय व्यवस्थापन समिति अध्यक्ष हर्क रम्तेल, गुरुकुल उपाध्यक्ष जितेन्द्र नेपाल, सहकारीका सल्लाहकार केशवराज पण्डितलगायतको उपस्थिति रहेको थियो।

# हेटौंडा मोर्डनको वार्षिकोत्सव

समाज संवाददाता

हेटौंडाः हेटौंडा-९ पशुपतिनगरस्थित हेटौंडा मोर्डन आवासीय माध्यमिक विद्यालयको वार्षिकोत्सव कार्यक्रम सम्पन्न भएको छ। सोमबार विद्यालयको प्राङ्गणमा ३४ औं वार्षिकोत्सव तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको हो।

विद्यालयका प्रिन्सिपल सुदीप बर्तौलाको सभाध्यक्ष तथा हेटौंडा-९ का वडाध्यक्ष शुकराम केसीको प्रमुख आतिथ्यमा वार्षिकोत्सव कार्यक्रम उद्घाटन भएको हो। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै वडाध्यक्ष केसीले वडामा सहरी स्वास्थ्य केन्द्र निर्माण गर्ने बताउनुभएको छ। वडा कार्यालयले विद्यालयमा नर्सको व्यवस्था गर्ने उहाँले बताउनुभयो। कक्षा-१२ उत्तीर्ण गर्ने विद्यार्थीका लागि रोजगारीमूलक तथा सीपमूलक तालिम कार्यक्रम आयोजना गर्ने उहाँको भनाइ छ।

वार्षिकोत्सवको अवसरमा विद्यालयले आयोजना गरेको वार्षिक खेलकुद कार्यक्रममा विजेता विद्यार्थीलाई पुरस्कार प्रदान गरिएको छ। २०८० सालको वार्षिक परीक्षामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थी, नियमित विद्यालयमा उपस्थित विद्यार्थी र वार्षिक खेलकुदमा विजेता बनेका विद्यार्थीलाई पुरस्कृत गरिएको प्रिन्सिपल बर्तौलाले बताउनुभयो। विद्यालयले खेलकुद कार्यक्रम अन्तर्गत एथ्लेटिक्स, डोरी तान्ने, चकलेट दौड, बुक ब्यालेन्स, तातो आलु, फुटबल कबड्डीलगातका खेलहरु भएको उहाँले जानकारी दिनुभयो।

विद्यालयको उत्कृष्ट विद्यार्थी घोषित हुँदै सुनिसा श्रेष्ठले ट्रफी प्राप्त गरेकी छिन्। कार्यक्रममा विद्यालयका विद्यार्थीले विभिन्न सांस्कृतिक नृत्य पनि प्रस्तुत गरेका थिए। वार्षिकोत्सवकै अवसरमा आमन्त्रित अतिथिलाई मायाको चिनोस्वरुप पुस्तक प्रदान गरिएको थियो।


श्री मालपोत कार्यालय मकवानपुरबाट मितिः २०८१/११/२६ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

**हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

निवेदक : पार्वती राई (पत्नि)      जग्गावाला : श्याम बहादुर राई(पति)

यसमा जिल्ला मकवानपुर साविक फापरबारी गाविस वडा नं. ६ का निम्नानुसारका जग्गाहरु मरो पति श्याम बहादुर राईको नाममा नाप नक्सा भई दर्ता गर्न छुट भएकोमा निज मेरो पति सोम बहादुर राईको मिति २०८०/१२/१० मा मृत्यु भईसकेकोमा निजको हक खाने निजकी एक मात्र पत्नि पार्वती राई र छोराहरु जेठा हस्त बहादुर राई, माहिला पूर्ण बहादुर राई र कान्छो पिक बहादुर राई गरी तीन जना छोराहरु भएको ती छोराहरुको मंजुरीले म पत्नि पार्वती राईको नाममा एकलौटी छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनि बागमति गाउँपालिका ८ नम्बर वडा कार्यालयको च.नं. ४५६ मिति २०८१/१०/१५ को छुट जग्गा दर्ता सम्बन्धी हकभोग खुलेको सिफारिस पत्र, नाता प्रमाणित प्रमाणपत्र, वडा सर्जमिन मुचुल्का, साविक लगत, फिल्डबुक उतार तथा मृत्यु दर्ता समेत संलग्न राखी यस कार्यालयमा द.नं. १०२ मिति २०८१/१०/१८ मा माग दावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः तल उल्लेखित तपशिलका जग्गाहरु निवेदकको नाममा छुट जग्गा दर्ता, नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता, नामसारी गर्न नमिल्ने भएमा वा निवेदकका माग दावी सत्य नभई झुठा भए वा निवेदक भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदक तथा मंजुरी दिने छोराहरु बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जङ्गल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला। अन्यथा निवेदकको माग बमोजिम भई जानेछ। पछि कुनै उजुरयाजुर लाग्ने छैन।

**तपसिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गाविस नपा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वि.ज.) | कैफियत/ निवेदक | |
| १ | श्याम बहादुर राई गा.पं. फापरबारी वडा नं.-६ बावु-मोतीलाल बाजे हर्षविर फापरबारी | ६ | ६४५ | ७०७<br>७७५<br>५६६<br>५६५<br>६६५<br>६४६<br>७०६<br>८७४<br>०-७- | १९<br>०-०-६<br>०-५-७<br>०-०-४<br>०-०-१५<br>०-१७-७<br>०-०-१८<br>०-२-१२<br>०-१६-१३ | पार्वती राई | जिल्ला मकवानपुर, फापरबारी ११४ नं., मौजे-ढाडेरातोमाटे रै नं. ९५ श्याम बहादुर राई र जिल्ला मकवानपुर, फापरबारी ११९ नं. मौजे-वागदाही, रै.नं. ३० को जग्गाधनी श्याम बहादुर राइ |


# कमाने एकेडेमी/बाल-साहित्य चौतारी

## विद्यार्थीको खेल



आयुष बिसुन्खे

पढाइ मात्र होइन जीवन
खेल पनि आवश्यक पर्छ
शरीर तन्दुरुस्त बनाउन
मनलाई ताजा बनाइराख्न

पढ्दा थाक्दा खेल्न जान्छौं
साथीसँगै रमाइलो मान्छौं
दौड फुटबल भलिबल खेल्छौं
शक्ति र उत्साह बढाउँदै लान्छौं

खेलले अनुशासन सिकाउँछ
मिलेर काम गर्न सिकाउँछ
हारमा धैर्य गर्न
जितमा नम्र बन्न

कक्षाकोठाको ज्ञानसँगै
मैदानको पाठ पनि जरुरी
स्वास्थ्य राम्रो राख्न
हामीले खेल्नैपर्छ

विद्यार्थीको जीवनमा खेल
खुसी र ऊर्जा भर्ने मेल
पढाइ र खेलको सन्तुलन
जीवन हुन्छ पूर्ण र मूल्यवान

*कक्षा-७*

## मेरी आमा



बिहान घताने

मेरी आमा माया गर्नी
दु:ख सुखमा सँगै बस्नी
म ठेस लाग्दा रुन्छिन्
म हाँस्दा मुस्कान ल्याउँछिन्

उनको अँगालो न्यानो हुन्छ
दु:ख सब टाढा हुन्छ
म बिरामी हुँदा स्याहार्छिन्
रातभर नसुती हेरचाह गर्छिन्

काम धेरै गर्छिन्
उनी खट्ने अहोरात्र
आफू थाक्दा पनि गर्दिन
गुनासोको बात

उनको कुरा मिठो अनि प्रिय लाग्छ
मनको प्रिय व्यथाले हटे जस्तो लाग्छ
रुँदा तिम्रो काखमा शान्ति र माया पाउँथे
हाँस्दा तिमी नै मेरो पहिलो साथी भेट्थे

मेरी आमा संसारमा सर्वश्रेष्ठ
उनको माया अमूल्य र विशेष
तिम्रो न्यानो स्पर्श कहिले मर्न नदिउँ
सधैं तिम्रो नाम गुनगुनाउन सकु

*कक्षा-७*

## मैले पढेको पुस्तक



सुबीजना थापा

मैले छत्रपति फुयालद्वारा लेखिएको अत्यन्तै रमाइलो र उत्कृष्ट किताब पढेँ। मैले पढेको किताबको शीर्षक 'बुद्धिको खेल' हो। यसमा विभिन्न पाठहरू छन्। यस किताबमा रहेका हरेक पाठहरू स्मरणीय र रोचक छ। त्यस पाठहरूमध्ये मलाई सबैभन्दा मन परेको पाठ सासुको बठ्याइँ हो। यो कथा पढ्दा यसको अन्तिम भाग मलाई असाध्यै हँसिलो लाग्यो। मैले पढेको कथामा दुईजना मात्र पात्रहरू छन् सासु र ठग ज्वाई।

यस कथामा ठग मीठा-मीठा कुरा गरेर मानिसहरूलाई ठग्थ्यो। उसले ठगेर निकै धन, सम्पत्ति जम्मा गरिसकेको थियो। एक पैसा खर्च गर्नुपऱ्यो भने उसको दाँतमा पसिना आउँथ्यो। एकदिन उसलाई ससुरालीबाट निम्तो आयो ठगको ससुराली निकै टाढा थियो। ठगले पैसा खर्च नहोस् भनेर पैदल जाने फैसला गऱ्यो। बाटोमा उसले खाली हात ससुराली जान नमिल्ने कुरा सम्झ्यो। उसले त्यति नै बेला उखुबारी देख्यो।

ठगले सोच्यो मिठाई चिनीबाट बन्छ, चिनी उखुबाट। त्यसैले मिठाईको मूल जरो नै लगिदिन्छु। त्यति भन्दै उखुको दुई चार लाक्राँ भाँचेर बाटो लाग्यो। सासुले ढोकामै स्वागत गर्दै यो के हो ज्वाइँ साहब भनेर सोधिन्। ठगले जे सोचेको थियो त्यही बताइदियो। ठग फर्कने बेला आयो, सासुले बिदा गर्दै भने तपाईँलाई मैले कपडा दिने विचार गरेकी थिएँ तर पैसा नभएर त्यसको मूल जरो कपासका बिया दिँदैछु भन्दै एउटा थैली दिइन्। आफूभन्दा चङ्ख सासु देखेर ठग दङ्ग पर्दै त्यहाँबाट बिदा भयो।

सन्देशः धेरै लोभ गर्नुहुन्न र आफूलाई धेरै चङ्ख मान्नुहुन्न।
*क्षा-६*





कक्षा-४,
सुसन्ना न्यौपाने

# हार्दिक बधाई



आशिष श्रेष्ठ



ग्रेस श्रेष्ठ

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) को १६औं राष्ट्रिय महाधिवेशनबाट उपाध्यक्ष निर्वाचित हुनुभएका तुल्सीमेहर मेमोरियल सेकेण्डरी स्कूलका संस्थापक **आशिष श्रेष्ठ**, सर्वसम्मत सहकोषाध्यक्षमा निर्वाचित हुनुभएकी हेटौंडा-३, बसामाडीस्थित शिक्षा विकास शिशु सदनकी संस्थापक प्रिन्सीपल **ग्रेस श्रेष्ठ**सहित नवनिर्वाचित समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

विनोद सुवेदी, प्रिन्सीपल
एवम् बालजागृति इंग्लिस सेकेण्डरी स्कूल परिवार
हेटौंडा-२, मकवानपुर

दिपेश जोशी, प्रिन्सीपल
एवम् नवोदय शिशु सदन मावि परिवार
हेटौंडा-४, मकवानपुर

रामबाबु सापकोटा, प्रिन्सीपल
एवम् ब्रह्मदिक् एकेडेमी परिवार्
हेटौंडा-४, कमलडाँडा

रूपेश श्रेष्ठ, प्रिन्सीपल
एवम् रोज एकेडेमी परिवार
हेटौंडा-४, खोपेगल्ली

गीता आचार्य, प्रिन्सीपल
एवम् सत्यम जेमियर्स इंग्लिस बोर्डिङ स्कूल परिवार
हेटौंडा-४, मकवानपुर

सन्तोष शर्मा, प्रिन्सीपल
एवम् ज्ञानोदय बालबाटिका आवासीय मावि परिवार
हेटौंडा-५, पिप्ले

अनिल पाण्डे, संस्थापक प्रिन्सीपल
एवम् जेनिथ सेकेण्डरी स्कूल परिवार
हेटौंडा-५, पिप्ले

दिनेश सुवेदी, प्रिन्सीपल
एवम् रिलायन्स इंग्लिस सेकेण्डरी बोर्डिङ स्कूल परिवार
हेटौंडा-५, सानोपोखरा

प्रतिभा डंगोल, प्रिन्सीपल
एवम् कमाने एकेडेमी परिवार
हेटौंडा-८, कमाने

रामहरि रिमाल, प्रिन्सीपल
एवम् माउण्ट एभरेष्ट इंग्लिस बोर्डिङ स्कूल परिवार
हेटौंडा-८, कमाने

विनोद थपलिया, प्रिन्सीपल
एवम् तासिर इंग्लिस सेकेण्डरी स्कूल परिवार
हेटौंडा-७, नागस्वती

सुदीप बर्तौला, प्रिन्सीपल
एवम् हेटौंडा मोर्डन इंग्लिस सेकेण्डरी बोर्डिङ स्कूल परिवार
हेटौंडा-९, लामसुरे

नवीन केसी, प्रिन्सीपल
एवम् कृष्ण आदर्श इंग्लिस बोर्डिङ स्कूल परिवार
हेटौंडा-९, मकवानपुर

सरिता भण्डारी, प्रिन्सीपल
एवम् रेडरोज इंग्लिस बोर्डिङ स्कूल परिवार
हेटौंडा-१६, हटिया

रामकुमार श्रेष्ठ, प्रिन्सीपल
एवम् सनराइज इंग्लिस बोर्डिङ स्कूल परिवार
हेटौंडा-१२, पद्मपोखरी

सुदीपराज गिरी, प्रिन्सीपल
एवम् मकवानपुर बालविद्या सदन परिवार
हेटौंडा-१८, खड्कुले

राजकुमार नहर्की, प्रिन्सीपल
एवम् सनसाइन इंग्लिस सेकेण्डरी स्कूल परिवार
हेटौंडा-३, बसामाडी

सरोज पौडेल, प्रिन्सीपल
एवम् रस्सल एकेडेमी परिवार
हेटौंडा-९, मकवानपुर

रिना आचार्य, प्रिन्सीपल
एवम् सोलिड्यारिटी इन्टरनेशनल स्कूल परिवार
हेटौंडा-१०, मकवानपुर

सुदिलकुमार थापा मगर, प्रिन्सीपल
एवम् मकवानपुर एभरेष्ट इंग्लिस स्कूल परिवार
हेटौंडा-३, लेवट


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ